# नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४७ | अङ्क ७ | चैत २०७९ | मार्च-अप्रिल २०२३


# Alliance for Financial Inclusion (AFI) को IGF / SMEF बैठक काठमाडौंमा सम्पन्न



Alliance for Financial Inclusion (AFI) को दुई वटा विषयगत कार्य समूहको बैठक काठमाडौंमा सम्पन्न भएको छ ।

नेपाल राष्ट्र बैंक र AFI को संयुक्त आयोजनामा Inclusive Green Finance Working Group (IGFWG) र SME Finance Working Group (SMEFWG) को बैठक फागुन २३ देखि २६ गतेसम्म आयोजना भएको हो । IGFWG / SMEFWG बैठकको यो क्रमशः आठौं र बीसौं संस्करण हो । उक्त बैठकमा ४१ मुलुकका केन्द्रीय बैंक र वित्तीय क्षेत्रका अन्य नियामक निकायका ८० जनाभन्दा बढी प्रतिनिधिको सहभागिता थियो ।

बैठकको उद्घाटन सत्रमा नेपाल राष्ट्र बैंकका का.मु. गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाले जलवायु परिवर्तनका कारण उदीयमान र विकासोन्मुख मुलुकको सामाजिक समावेशीकरण, आर्थिक समृद्धि र वित्तीय स्थायित्वमा जोखिम देखिएको उल्लेख गर्दै सोको न्यूनीकरणका निम्ति यससम्बन्धी नीतिगत व्यवस्थालाई सबल र प्रभावकारी बनाउनुपर्ने आवश्यकता औंल्याउनुभयो । ग्रीन फाइनान्सको प्रवर्द्धनको लागि नेपाल सरकार र राष्ट्र बैंकबाट अवलम्बन गरिएका पछिल्ला कानुनी र नीतिगत व्यवस्थाका सम्बन्धमा समेत उहाँले जानकारी दिनुभयो ।

नेपालमा साना तथा मझौला व्यवसायको प्रवर्द्धन र वित्तीय स्रोतको पहुँचको निम्ति राष्ट्र बैंकबाट भएका प्रयासका बारेमा समेत का.मु. गभर्नर तिम्सिनाले चर्चा गर्नुभयो । नेपालमा 'ग्रीन ट्याक्सोनोमी' तर्जुमाको लागि अनुदान र प्राविधिक सहायता उपलब्ध गराएकोमा AFI प्रति उहाँले आभार प्रकट गर्नुभयो । साथै, नेपालमा वित्तीय समावेशीकरणको नीतिगत व्यवस्थाको तर्जुमा र कार्यान्वयनमा समेत AFI बाट उल्लेख्य सहयोग प्राप्त भएको उहाँको धारणा थियो ।

सो अवसरमा AFI का कार्यकारी निर्देशक डा. अल्फ्रेड ह्यानिगले विकासोन्मुख देशको रोजगारी सिर्जना र जीविकोपार्जन सुधारमा साना तथा मझौला उद्यमको विशिष्ट योगदान रहेको चर्चा गर्दै यस क्षेत्रमा जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्न ठोस कदम चाल्नुपर्ने धारणा राख्नुभयो । यसै सन्दर्भमा AFI का सदस्य संस्थाहरूबीच नीतिगत सहकार्य, प्राविधिक सहायता आदानप्रदान र क्षमता विकास अभिवृद्धिमा उक्त बैठक फलदायी रहने विश्वास उहाँले व्यक्त गर्नुभयो । ग्रीन फाइनान्सको प्रवर्द्धनको लागि राष्ट्र बैंकले लिएका नीतिगत पहलको प्रशंसा गर्दै ह्यानिगले बैंकको यो प्रयास अन्य सदस्य संस्थाको निम्तिसमेत अनुकरणीय रहेको धारणा राख्नुभयो ।

चार दिने कार्यक्रमअन्तर्गत पहिलो र अन्तिम दिन दुवै समूहको संयुक्त बैठक सञ्चालन भयो भने दोस्रो र तेस्रो दिन सम्बन्धित समूहको कार्यक्षेत्रअन्तर्गतका विषयमा अलगअलग छलफल भएको थियो । IGFWG को बैठकमा वित्तीय समावेशीकरणका साथै जलवायु परिवर्तनका कारण सिर्जित वातावरणीय र सामाजिक असर, यसलाई सम्बोधन गर्नका निम्ति क्षेत्रीय तथा अन्तर्राष्ट्रियस्तरमा भएका नीतिगत अभ्यास र यसको प्रभावबारे सहभागीहरूबीच विस्तृत छलफल भएको थियो ।

यसै गरी, SMEFWG को बैठकमा विश्व अर्थतन्त्रमा साना तथा मझौला व्यवसायको योगदान, लैंगिक समावेशिता, साना तथा मझौला व्यवसायमा वित्तीय स्रोतको पहुँचको अवस्था र यसबाट वित्तीय समावेशीकरणको प्रवर्द्धनमा पुगेको योगदानबारे सहभागीका तर्फबाट आ-आफ्ना कार्य अनुभवहरू प्रस्तुत भएका थिए ।

दुवै बैठकपश्चात् साना तथा मझौला उद्यम व्यवसायमार्फत जलवायु परिवर्तनबाट

सिर्जित चुनौतीलाई सम्बोधन गर्न अवलम्बन गर्न सकिने नीतिगत अभ्यास र भावी कार्यदिशाका सन्दर्भमा सदस्य संस्थाका प्रनिनिधिबीच छलफल भएको थियो। दुई बैठकमध्ये IGFWG र SMEFWG को अध्यक्षता क्रमशः सेन्ट्रल बैंक अफ नाइजेरियाका उप-निर्देशक डा. पल ओलुक्पी र बैंक अफ नामिबियाका निर्देशक डा. एमा हाइयाम्बोले गर्नुभयो।

कार्यक्रममा AFI को नीति कार्यक्रम तथा कार्यान्वयनसम्बन्धी निर्देशक एलिकी बोलेतावाले समापन मन्तव्य राख्दै बैठकको उपलब्धिबारे चर्चा गर्नुभयो। गभर्नरको कार्यालयका सहायक निर्देशक प्रतिमा अधिकारीले कार्यक्रमको उद्घाटन सत्रको सञ्चालन गर्नुभएको थियो।

जलवायु परिवर्तनका कारण सिर्जित असहज परिस्थितिलाई सम्बोधन गर्दै ग्रीन फाइनान्सको प्रवर्द्धन गर्ने उद्देश्यले सन् २०१९ मा AFI अन्तर्गत IGFWG गठन गरिएको थियो। यसै गरी, साना तथा मझौला उद्यमको प्रवर्द्धनमार्फत आर्थिक वृद्धि, दिगो विकास, रोजगारी सिर्जना र गरिबी निवारणमा टेवा पुऱ्याउने उद्देश्यका साथ सन् २०१३ देखि SMEFWG लाई क्रियाशील बनाइएको हो।

क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा वित्तीय समावेशीकरणलाई प्रवर्द्धन र गुणस्तरीय वित्तीय सेवाको पहुँच विस्तार गर्ने साझा उद्देश्यका साथ सन् २००८ जनवरी १ मा AFI को स्थापना भएको हो। वित्तीय पहुँच विस्तार र वित्तीय समावेशीकरणको प्रवर्द्धनका निम्ति नीतिगत सहकार्य, प्राविधिक सहायता र ज्ञान आदानप्रदानमा यस संस्था क्रियाशील रहँदै आएको छ। AFI अन्तर्गत विभिन्न सात वटा विषयगत समूहहरू क्रियाशील छन्। यसै गरी, नीतिगत सहकार्यका निम्ति विभिन्न छ वटा विषयगत क्षेत्रहरूसमेत निर्धारण गरिएका छन्।

उदीयमान तथा विकासोन्मुख अर्थतन्त्र रहेका ७६ मुलुकका केन्द्रीय बैंक र अन्य आठ वटा नियामक संस्था गरी कुल ८४ संस्थाहरू AFI को सञ्जालमा आबद्ध छन्। मलेसियाको क्वालालम्पुरमा यसको मुख्यालय अवस्थित छ।

# कानुन महाशाखाको अन्तरक्रिया कार्यक्रम



कानुन महाशाखाले फागुन ५ र ६ गते भक्तपुरको सूर्यविनायकमा नेपाल राष्ट्र बैंकको कार्यसम्पादनमा प्रयोग हुने कानुनका सन्दर्भमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो।

गभर्नर महाप्रसाद अधिकारी र डेपुटी गभर्नर बमबहादुर मिश्रको उपस्थितिमा महाशाखाले उक्त कार्यक्रम आयोजना गरेको हो। कार्यक्रममा गभर्नर अधिकारीले बैंकबाट कानुनी कारवाही र कार्यसम्पादनमा सदैव विश्वसनीयता कायम रहनुपर्ने आवश्यकतामा जोड दिनुभयो। उहाँले भन्नुभयो, "हामीले गर्ने कानुनी र प्रकाशनिक निर्णयमा विश्वसनीयता कायम हुनुपर्छ। पर्याप्त तयारी गरेर मात्रै यस्तो निर्णय लिनुपर्छ। त्यस्ता निर्णय कानुनी दृष्टिमा स्वीकारयोग्य पनि हुनुपर्छ।"

कानुनी व्याख्या र बैंकको तर्फबाट अदालतमा प्रतिरक्षा गर्ने विषय चुनौतीपूर्ण रहेको उल्लेख गर्दै कानुन महाशाखाको विद्यमान सङ्गठन संरचनालाई अझै दक्ष बनाउनुपर्ने गभर्नर अधिकारीको धारणा थियो।

कार्यक्रममा डेपुटी गभर्नर मिश्रले बैंकको कामकारवाहीसँग सम्बन्धित विभिन्न कानुनको संशोधन प्रक्रिया यथाशीघ्र टुङ्ग्याएर अर्थ मन्त्रालयमा पेस गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो। बैंकका विभिन्न विभाग/कार्यालयसँग सम्बन्धित कानुनी समस्याको निरूपणका सन्दर्भमा उक्त अन्तरक्रिया फलदायी बनेको विश्वास उहाँले व्यक्त गर्नुभयो।

कार्यक्रममा कानुन महाशाखाका निर्देशक दीपकराज लामिछानेले 'नेपाल राष्ट्र बैंकलाई प्राप्त अधिकार र यसको प्रयोगसम्बन्धी कानुनी दृष्टिकोण' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो। त्यस क्रममा उहाँले राष्ट्र बैंकको विधायिकी, अर्धन्यायिक र प्रशासनिक अधिकार तथा कार्यप्रकृति, बैंकबाट जारी भएका प्रत्यायोजित विधायनको वैधानिकतालगायतका विषयमा जानकारी दिनुभयो।

यसै गरी, महाशाखाका उप-निर्देशक डिल्लीराम न्यौपानेले 'नेपाल राष्ट्र बैंकसँग सम्बन्धित मुद्दाः विषय र विवेचना' विषयमा कार्यपत्र प्रस्तुत गर्दै बैंकको कार्यप्रकृति, अदालतमा बैंकको उपस्थिति, अदालती प्रक्रिया र आदेश, विधायिकी/अर्धन्यायिक र प्रशासनिक कार्यसम्बन्धी मुद्दा तथा त्यसउपर बैंकबाट भएका प्रतिरक्षाको अवस्थालगायतका विषय समेटिएको थियो।

दुवै कार्यपत्रमाथि सहभागीहरूबीच छलफल भएको थियो। कार्यक्रममा विभिन्न विभाग/कार्यालयका कार्यकारी निर्देशक र निर्देशकहरूको सहभागिता थियो।

कार्यक्रममा महाशाखाका निर्देशक दीपकराज लामिछानेले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो भने उप-निर्देशक डिल्लीराम न्यौपाने र सहायक निर्देशक सिर्जना बिष्टले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

# पूर्वसेवाकालीन तालिम सम्पन्न





२०७९ फागुन १ देखि बैंक सेवा नियुक्त भएका सहायक निर्देशक (अधिकृत तृतीय) को पूर्वसेवाकालीन तालिम सम्पन्न भएको छ ।

बैंकर्स प्रशिक्षण केन्द्रले ललितपुरको जावलाखेलस्थित नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा फागुन १ देखि १४ सम्म उक्त तालिम सञ्चालन गरेको हो । गभर्नर महाप्रसाद अधिकारीले उक्त तालिमको उद्घाटन गर्नुभयो ।

सो अवसरमा गभर्नर अधिकारीले राष्ट्र बैंकमा आफ्नो ३७ वर्ष सेवा अवधिको अनुभवबारे उल्लेख गर्दै कर्तव्यनिष्ठ रहेर कार्यसम्पादन गर्न नवप्रवेशी अधिकृतहरूलाई निर्देशन दिनुभयो । जनशक्ति व्यवस्थापन विभागका कार्यकारी निर्देशक तुलसीप्रसाद घिमिरेले कर्मचारीको आचरण, अनुशासन र अन्य विविध विषयबारे जानकारी दिनुभयो ।

कार्यक्रममा प्रशासनका ४५, लेखापरीक्षणका पाँच जना र सूचना प्रविधिका पाँच-पाँच जना र वाणिज्य कानुनतर्फका एक जना गरी ५६ जनाको सहभागिता थियो । ३३ वटा सत्रमा उक्त तालिम सञ्चालन गरिएको थियो । सो अवसरमा पूर्व गभर्नर दीपेन्द्रपुरुष ढकालले 'Good Governance' र पूर्व का.मु. गभर्नर कृष्णबहादुर मानन्धरले 'Leadership Experience Sharing' विषयमा वार्ता प्रस्तुत गर्नुभएको थियो ।

डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाको उपस्थितिमा तालिम कार्यक्रमको समापन भएको थियो । केन्द्रका उप-निर्देशक कमलप्रकाश कालाथोकीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।


यसैबीच, फागुन १ देखि नै नयाँ नियुक्ति दिइएका सहायक द्वितीय श्रेणीका कर्मचारीको निम्ति केन्द्रले फागुन १-१२ गतेसम्म पूर्व सेवाकालीन तालिम सञ्चालन गर्‍यो । काठमाडौंको नक्सालस्थित नेसनल बैंकिङ इन्स्टिच्युटको तालिम हलमा आयोजित तालिममा नवप्रवेशी २५ जना कर्मचारीको सहभागिता थियो । २९ वटा सेसनमा उक्त कार्यक्रम सञ्चालन गरिएको थियो ।

जनशक्ति व्यवस्थापन विभागका निर्देशक वीरेन्द्रदत्त अवस्थीले कार्यक्रमको उद्घाटन गर्दै तालिमको महत्वबारे प्रकाश पार्नुभयो । डेपुटी गभर्नर बमबहादुर मिश्रको उपस्थितिमा उक्त तालिम कार्यक्रम समापन भएको थियो । केन्द्रका सञ्चालन सहायक निर्देशक अभिषेक खनालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# केन्द्रीय बैंकमा बिग डाटा र मेसिन लर्निङको सान्दर्भिकता



✍ सिद्धराज भट्ट
उप-निर्देशक




## १. विषय प्रवेश

सूचना प्रविधिमा भएको विस्तारसँगै वित्तीय क्षेत्रमा वास्तविक समयमा स-साना एकाइको तथ्याङ्क अर्थात् 'बिग डाटा' सङ्कलन गर्ने र सोको उपयोग गरी आर्थिक पूर्वानुमान गर्ने तथा नीतिगत निर्णयहरू लिने प्रचलन बढ्दै गएको छ। यस्तो तथ्याङ्कमा 'डाटा प्वाइन्ट' तथा चरहरूको संख्या धेरै हुने र यसको संरचना जटिल किसिमको हुने भएकाले यस्तो तथ्याङ्कले वास्तविक समयमा पूर्ण तथा व्यक्तिगत एकाइको सूचना उपलब्ध गराएर निर्णयका लागि गरिने पूर्वविश्लेषणलाई सबल बनाउन मद्दत गर्दछ। यसले अर्थतन्त्रको वास्तविक समयको यथार्थ चित्रण प्रदान गर्दछ। यसै सन्दर्भमा तथ्याङ्कबाट पूर्वानुमान र निर्णय प्रक्रियालाई सहयोग गर्न 'मेसिन लर्निङ'को प्रयोगमा समेत विस्तार हुँदै गएको छ।

परम्परागत रूपमा गरिने तथ्याङ्कीय विश्लेषणभन्दा 'बिग डाटा' तथा 'मेसिन लर्निङ' प्रणालीबाट छिटो र सूक्ष्म तहको जानकारी उपलब्ध हुने भएका कारण विभिन्न केन्द्रीय बैंकले बिग डाटा, मेसिन लर्निङ तथा आर्टिफिसियल इन्टेलिजेन्सजस्ता प्रणालीमा आफूलाई केन्द्रित गरेका छन्। बासेलको 'इर्भिङ फिसर कमिटी'ले गरेको सर्वेक्षणका अनुसार पाँच वर्षअघि ३० प्रतिशत केन्द्रीय बैंकले मात्र बिग डाटा प्रयोग गर्ने गरेकोमा हाल यो आँकडा ८० प्रतिशतमा विस्तार भएको छ। यसका साथै केन्द्रीय बैंकमा मेसिन लर्निङ प्रणालीको उपयोगमा समेत विस्तार हुँदै गएको छ। केन्द्रीय बैंकले यस्ता पद्धतिहरू खासगरी आर्थिक अनुसन्धान, वित्तीय स्थायित्वका लागि Suptech तथा Regtech जस्ता प्रविधिको उपयोग, मौद्रिक नीति, तथ्याङ्क सङ्कलनलगायतका क्षेत्रमा उपयोग गरिरहेका छन् (चार्ट-१)।

## २. आवश्यकता र अवसर

बिग डाटा तथा मेसिन लर्निङ प्रणाली मुख्यत: चार वटा कार्यमा बढी उपयोगमा आउने गरेको छ; तथ्याङ्कीय सूचनाको दायरा विस्तार गर्न, सूक्ष्म अर्थशास्त्रीय विश्लेषण गर्न, वित्तीय जोखिम मूल्याङ्कन गर्न र वित्तीय बजारका सूचकको अनुगमन गर्न। यसबाहेक बिग डाटा विश्लेषणलाई अर्थतन्त्रमा उपभोक्ता तथा व्यवसायीको मनोबलको अवस्था थाहा पाउने, आर्थिक अनिश्चितता सूचकहरूको निर्माण गर्नेलगायतका काममा उपयोग गर्ने क्रम बढ्दै गएको छ।

उदाहरणका लागि इटालीमा मुख्य पत्रिकामा प्रकाशन भएका बीस लाख लेखको विश्लेषणबाट घरपरिवार र व्यवसायीहरूको मनोबल सूचक निकालिएको छ। सोही विश्लेषणका आधारमा अर्थतन्त्रका विभिन्न क्षेत्रको आर्थिक नीति अनिश्चितता सूचक निकालिएको छ। यस्तो सूचकका आधारमा साप्ताहिक रूपमा कुल गार्हस्थ्य उत्पादन अनुमान गर्ने गरिएको छ। यसै गरी, ट्विटर जस्ता सामाजिक सञ्जालमा गरिने पोष्टबाट मूल्यवृद्धि अपेक्षा मापन गर्ने, घरजग्गा बिक्रीको अनलाइन विज्ञापनबाट घरजग्गाको मूल्य प्रक्षेपण गर्ने अभ्यास सुरु गरिएको छ। टर्कीमा 'Support Vector Machine, Random Forest' जस्ता मेसिन लर्निङ पद्धतिको उपयोग गरी GDP Nowcasting गर्ने गरिएको छ। केही मुलुकमा nightlife data तथा satellite data का आधारमा आर्थिक गतिविधिको अनुमान गर्ने पद्धति प्रयोगमा ल्याइएको छ। यसका साथै विभिन्न मुलुकमा Automatic Identification System बाट प्राप्त cargo ship सम्बन्धी तथ्याङ्कका आधारमा व्यापार आयतन प्रक्षेपण गर्ने काम गरिएको छ।

केन्द्रीय बैंकको हकमा बिग डाटा तथा मेसिन लर्निङ प्रणालीले निम्न पक्षमा सहयोग गर्ने देखिन्छ:

**(क) आर्थिक प्रक्षेपण :** High frequency big data analysis ले आर्थिक चरहरूको प्रक्षेपणलाई सहज बनाउन सहयोग गर्दछ। यस्ता तथ्याङ्कले केन्द्रीय बैंकको nowcasting models बाट गरिने आर्थिक विश्लेषण र प्रक्षेपणलाई मद्दत गर्ने तथा वास्तविक समयमा high frequency forecasting गर्नमा सहयोग गर्दछन्। यस्तो प्रक्षेपणका लागि चाहिने तथ्याङ्कको स्रोत परम्परागत स्रोतभन्दा फरक हुन्छन र कतिपय अवस्थामा unstructured समेत हुन्छन्। यसै गरी, यस्ता प्रविधिले उपभोक्ता व्यवहार, व्यावसायिक क्रियाकलाप तथा रोजगारीका लागि गरिएका विज्ञापनको संख्याका आधारमा अर्थतन्त्रको आगामी अवस्थाबारे पूर्वानुमान गर्नसक्ने हुन्छ।

**(ख) नयाँ र सबल तथ्याङ्कको स्रोत :** बिग डाटा तथा मेसिन लर्निङ प्रणालीको उपयोगबाट वास्तविक समयमा ठूलो मात्रामा तथ्याङ्क सङ्कलन गर्न मद्दत पुगेको छ। यसको मद्दतबाट कतिपय अवस्थामा textual data तथा unstructured data सङ्कलन गर्न सकिएको

छ। यस्तो प्रविधिलाई web scraping को नामले चिनिन्छ। यसको मद्दतबाट डाटाबेस, अडियो, भिडियो, सामाजिक सञ्जाललगायतका स्रोतबाट व्यवसाय र उपभोक्ताको तथ्याङ्क वास्तविक समयमै सङ्कलन गर्न सम्भव भएको छ।

**(ग) कार्य सञ्चालन लागतमा कमी :** बिग डाटा तथा मेसिन लर्निङले निरन्तर रूपमा गरिने सुपरिवेक्षकीय कार्यहरू जस्तै तरलताको अनुगमन, विभिन्न नियामकीय अनुपातहरूको अनुपालना स्थितिको अनुगमन लगायतका कामहरू स्वतः गर्ने भएकाले कार्य सञ्चालन लागतमा उल्लेख्य कटौती हुने हुन्छ। यसबाट सम्भावित मानवीय त्रुटीहरू समेत न्यूनीकरण हुन जान्छ। त्यसैगरी यस्तो प्रविधिले विभिन्न निकायहरूले प्रकाशन गर्ने रिपोर्ट प्रशोधन गर्ने, आवश्यक फिडब्याक दिने लगायतका कार्यहरूबाट नियामकीय निकायहरूको कार्य सञ्चालन दक्षतामा उल्लेख्य वृद्धि ल्याउने काम गर्दछ।

**(घ) प्रभावकारी सुपरिवेक्षण तथा वित्तीय स्थायित्व :** बैंक तथा वित्तीय संस्थाको सुपरिवेक्षणलाई प्रभावकारी बनाउनका निम्ति बिग डाटा विश्लेषणले ठूलो भूमिका खेल्दछ। उदाहरणको निम्ति; उपभोक्ताका विभिन्न व्यवहारसम्बन्धी तथ्याङ्कका आधारमा मेसिन लर्निङ प्रणालीले क्रेडिट स्कोर अनुमान गर्ने र सङ्कटको बेलामा कर्जाको गुणस्तर अनुमान गर्नमा सहयोग गर्न सक्छ। युरो एरिया बैंकहरूको सन्दर्भमा Early Warning System का लागि यस्तो पद्धतिलाई प्रयोगमा ल्याइएको छ। यसका साथै granular data को विश्लेषणबाट सुपरिवेक्षकलाई बैंक तथा वित्तीय संस्थाका सूक्ष्म पक्षकाबारेमा समेत ज्ञान हुने भएकाले सुपरिवेक्षण कार्यलाई बढी प्रभावकारी बनाई वित्तीय स्थायित्व कायम गर्नमा मद्दत पुग्छ।

**(ङ) आर्थिक अनिश्चितताको मापन :** विभिन्न मुलुकमा व्यवसायसम्बन्धी प्रकाशनको Textual Analysis तथा Machine Reading मार्फत आर्थिक अनिश्चितताको स्तर मापन गर्ने सूचकको विकास गर्न बिग डाटाको प्रयोग गर्ने गरिएको छ। उदाहरणका लागि फेडेरल रिजर्भमा मेसिन लर्निङमा आधारित रहेर विभिन्न किसिमका अनिश्चितताको पहिचान गर्ने प्रणाली विकास गरिएको छ।

**(च) प्रभावकारी सञ्चार :** Textual Analysis को मद्दतबाट केन्द्रीय बैंकले विभिन्न माध्यमबाट गर्ने सञ्चारसँगै त्यसमा सरोकारवालाको प्रतिक्रियाबारे विश्लेषण गर्न सकिन्छ। यसबाट केन्द्रीय बैंकले गर्ने सञ्चारको प्रभावकारिता, त्यसले जनमानसमा पार्ने प्रभाव, सम्पत्तिको मूल्यमा पार्ने प्रभाव आदिको विश्लेषण गर्न सकिन्छ। विभिन्न मुलुकमा केन्द्रीय बैंकले जारी गर्ने नीतिका सम्बन्धमा सर्वसाधारणले सामाजिक सञ्जाल तथा लेखहरूमा व्यक्त गर्ने प्रतिक्रियाबाट तथ्याङ्क सङ्कलन गरी मेसिन लर्निङमार्फत विश्लेषण गर्ने प्रणालीको विकास गरिएको छ।

**(छ) वित्तीय अपराध नियन्त्रण :** Anti-money Laundering का सम्बन्धमा विकास गरिएको विभिन्न Rule Based प्रणालीहरूले शङ्कास्पद वित्तीय कारोबारको पहिचानमार्फत वित्तीय अपराध कम गर्नमा सहयोग गर्ने गरेको छ। यसका साथै बैंकिङ च्यानलबाट गरिने रकम ट्रान्सफर, क्रेडिट कार्ड तथा डेबिट कार्डबाट हुने कारोबारका आधारमा शङ्कास्पद कारोबारको निगरानी र वित्तीय अपराध नियन्त्रण गर्नका लागि विभिन्न मेसिन लर्निङका मोड्युलहरू प्रयोगमा ल्याइएको छ।

**(ज) कर्जा जोखिम विश्लेषण तथा स्कोरिङ :** विभिन्न माध्यममा प्रकाशित रिपोर्ट तथा सामाजिक सञ्जालको प्रोसेसिङमार्फत ग्राहकको कारोबारसम्बन्धी व्यवहार तथा कर्जा तिर्न सक्ने क्षमताको बारेमा महत्वपूर्ण जानकारी प्राप्त गर्न सकिने हुन्छ। यसबाट बैंकिङ प्रणालीको सम्पत्ति गुणस्तरको अनुगमन तथा पूर्वानुमान गर्न सहज हुन गएको छ।

## ३. चुनौतीहरू

उल्लिखित अवसरका बाबजुद केन्द्रीय बैंकमा बिग डाटा तथा मेसिन लर्निङ जस्ता प्रणालीको प्रयोग त्यति सहज भने छैन। आवश्यक सूचना प्रविधि पूर्वाधारको उपलब्धता, उच्च गतिको कम्प्युटर तथा दक्ष जनशक्ति निर्माण गर्ने कार्य अल्पविकसित र विकासोन्मुख मुलुकका लागि चुनौतीपूर्ण छ। सबल पूर्वाधार स्थापना गर्न तथा नयाँ जनशक्ति भर्ना गर्नका लागि सुरुआती लागत महँगो पर्न जान्छ। त्यसैगरी व्यक्तिगत आर्थिक एकाइको तथ्याङ्क सङ्कलन गर्दा गोपनीयतासम्बन्धी कानुन आकर्षित हुन सक्छ। व्यक्तिगत डिजिटल भुक्तानी, सामाजिक सञ्जालमा गरिएका पोष्टलगायतका व्यक्तिगत व्यवहारका तथ्याङ्क सङ्कलन गर्दा सर्वसाधारणबाट त्यसको विरोध हुने सम्भावना रहन्छ। उदाहरणका लागि सामाजिक सञ्जालबाट गरिने web scraping कतिपय मुलुकमा गैरकानुनी रहेको छ। केही वेबपेजमा automated web-scraping गर्न नपाउने किसिमले सुरक्षित प्रविधि अपनाइएको हुन्छ। उल्लिखित चुनौतीका अतिरिक्त सङ्कलित तथ्याङ्कको विश्वसनीयता पनि एउटा मुख्य समस्याको रूपमा रहेको हुन्छ। यस्तो समस्या खासगरी unstructured data को हकमा रहने गर्दछ।

## ४. सम्भावना

नेपालको हकमा बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप र ती संस्थाले गरेको कर्जा प्रवाह, अन्तरबैंक कारोबार, संस्थाका अन्य कारोबारको तथ्याङ्कीय विवरण, पुँजी बजार कारोबारलगायतका तथ्याङ्कहरू high frequency nature का हुन्छन्। आर्थिक विश्लेषण, आर्थिक चरको प्रक्षेपण तथा नीतिगत निर्णयका लागि यस्ता तथ्याङ्क उपयोगको प्रचुर सम्भावना रहेको भए तापनि हाल यी तथ्याङ्कको यथेष्ट उपयोग गर्न सकिएको छैन। यसै गरी, इ-कमर्स कारोबार, इन्टरनेट बैंकिङ र डेबिट/क्रेडिट कार्डबाट हुने कारोबारको हकमा वास्तविक समयमा structured data सङ्कलन हुने भए तापनि त्यसका आधारित रहेर बिग डाटा विश्लेषण गर्ने कार्य अझै पनि पर्याप्त मात्रामा हुन सकेको छैन। तसर्थ आगामी दिनमा नेपालको वित्तीय क्षेत्रको नियामक संस्थाले कम्तीमा बिग डाटालाई विभिन्न आर्थिक पूर्वानुमान र वित्तीय स्थायित्वको महत्वपूर्ण उपकरणका रूपमा विकास गर्न आवश्यक छ। यसका लागि नियमन तथा अनुसन्धान एकाइहरूमा पर्याप्त मात्रामा सूचना प्रविधि पूर्वाधारको व्यवस्था गर्न र आवश्यक जनशक्तिको विकास गर्न आवश्यक छ।

## ५. निष्कर्ष

चौथौ औद्योगिक क्रान्तिको प्रभावस्वरूप विश्व अर्थतन्त्र विस्तारै Gig Economy तर्फ उन्मुख हुँदैछ। सोहीबमोजिम आर्थिक क्रियाकलापहरू विस्तारै भौतिक स्वरूपबाट इन्टरनेटमा आधारित हुँदै गएका छन्। यसबाट सूक्ष्म एकाइका आर्थिक क्रियाकलापको वास्तविक समयको तथ्याङ्क सङ्कलन गर्न सम्भव भएको छ। सङ्कलित गरिएको तथ्याङ्कका आधारमा विभिन्न मेसिन लर्निङ एलगोरिदमको उपयोगबाट वास्तविक समयको आर्थिक प्रक्षेपण, आर्थिक सूचकको अनुगमन तथा नीतिगत निर्णयका लागि थप तथा सूक्ष्म जानकारी प्राप्त गर्न सहज भएको छ। आगामी दिनमा जटिल आर्थिक कारोबारको प्रभावकारी अनुगमन गर्न र वास्तविक समयमा आर्थिक चरहरूको पूर्वानुमान गरी वित्तीय तथा समग्र आर्थिक स्थायित्व कायम गर्नका निम्ति केन्द्रीय बैंकलगायत वित्तीय क्षेत्रका नियामक निकायले यस्तो पद्धतिलाई अवलम्बन गर्न आवश्यक देखिन्छ।

# नेपालमा कृषि क्षेत्रका समस्या र समाधान



धर्मेन्द्र तिमिल्सिना
सहायक निर्देशक

कृषि क्षेत्र नेपालको अर्थतन्त्रको मेरुदण्डको रूपमा रहेको छ। बहुसंख्यक नेपालीहरू कृषि पेसामा आबद्ध छन् भने तिनको आम्दानी र रोजगारीको मुख्य स्रोत नै कृषि रहेको छ। नेपालमा उत्पादन हुने मुख्य बालीहरूमा धान, गहुँ, मकै, कोदो, जौ, आलु र तरकारी रहेका छन्। नेपालको कृषि क्षेत्र निर्वाहमुखी भएका कारण अर्थतन्त्रमा यथोचित योगदान गर्न भने सकेको छैन। दुई दशककअघि कुल गार्हस्थ्य उत्पादनमा ३७.४ प्रतिशत रहेको कृषि क्षेत्रको योगदान आ.व. २०७८/७९ मा २३.९ प्रतिशतमा सीमित हुन पुगेको छ। यसले कुल उत्पादनमा कृषि क्षेत्रको तुलनामा अन्य क्षेत्रको योगदान बढ्दै गएको देखाउँछ।

कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान घट्दै गएको छ भने कृषि उपजमा निर्भरता बढ्दै गएको छ। नेपाल श्रमशक्ति सर्वेक्षणअनुसार सन् २०१८ मा ६०.४ प्रतिशत जनसंख्या कृषि क्षेत्रमा आबद्ध रहेको छ। विकसित देशहरूको तुलनामा यो संख्या अत्यधिक हो। संयुक्त राज्य अमेरिकामा सन् २०२० मा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान एक प्रतिशत रहेको छ भने कृषि क्षेत्रमा आबद्ध जनसंख्या करिब १.३ प्रतिशत रहेको छ। यद्यपि संयुक्त राज्य अमेरिका कृषि उत्पादनको विश्वको प्रमुख निर्यातकर्तामध्ये एक हो।

नेपालको कृषि क्षेत्रमा परम्परागत खेती प्रणाली, मनसुनमा अत्यधिक निर्भरता, सीमित प्रकृतिका बाली, बजारको अभाव, कृषिसम्बन्धी ज्ञानको कमी, पर्याप्त पूर्वाधारको कमीलगायतका चुनौतीहरू रहेका छन्। यसबाहेक, बेलाबेलामा आउने बाढी, पहिरो, खडेरीलगायतका प्राकृतिक प्रकोपले उत्तिकै चुनौती थप्ने गरेका छन्।

एकातिर कृषि क्षेत्रमा अधिक निर्भरता तथा अर्कोतर्फ कुल ग्राहस्थ्य उत्पादनमा यसको घट्दो दरले कृषि क्षेत्रमा उत्पादकत्व न्यून रहेको देखिन्छ। यसै गरी, तुलनात्मक रूपमा कृषि पेसामा आबद्ध जनसंख्याको आम्दानी पनि न्यून रहेको देखिन्छ। अर्थतन्त्रका अन्य क्षेत्रमा आबद्ध जनसंख्याको तुलनामा कृषि क्षेत्रमा आबद्ध जनसंख्याको आम्दानी वृद्धि हुन नसकेको देखाउँछ।

### कृषि क्षेत्रका मुख्य समस्या

उत्पादित कृषि उपजहरू बजारसम्म पुऱ्याउन भरपर्दो पूर्वाधारको अभाव, नवीन प्रविधिको अभाव, ऋणको उपलब्धता नहुनु, जमिनको खण्डीकरण, सिँचाइको अभाव, अनुसन्धानको कमी नेपालको कृषि क्षेत्रका मुख्य समस्याहरू हुन्। कृषि विकास रणनीति (सन् २०१५-२०३५) ले कृषि तथा पशुपन्छीजन्य उत्पादनको व्यावसायीकरण, यान्त्रीकरण र विविधीकरण गरी यस क्षेत्रलाई प्रतिस्पर्धी



adb.org

बनाउन जोड दिएको छ। पन्धौं योजनामा कृषि क्षेत्रको औद्योगीकरणका माध्यमबाट थप रोजगारी सिर्जना गरी आयआर्जन, गरिबी निवारण तथा आयात व्यवस्थापनका सम्बन्धमा व्यवस्था गरिएको छ। यस्तै, चालु आर्थिक वर्षको बजेटमा पनि कृषि क्षेत्रको रूपान्तरणलाई पहिलो प्राथमिकतामा राखिएको छ। यसका लागि बजेटमा आधारभूत कृषि उत्पादनको आयात ३० प्रतिशतले घटाउने र निर्यात दोब्बर गर्नका साथै मर्यादित रोजगारी ३० प्रतिशतले वृद्धि गर्ने लक्ष्य राखिएको छ। तर यी लक्ष्यहरू प्राप्त गर्ने कार्यान्वयन योग्य प्रष्ट योजनाहरू बजेटमा छैनन्।

कठिन भौगोलिक अवस्थाकाबीच नेपालमा कृषि उत्पादनले पर्याप्त मात्रामा बजार पाउन सकेका छैनन्। एकातिर बजार र उचित मूल्य नपाएका कारण किसानले आफ्नो उत्पादन सडकमै फाल्ने अवस्था आउने गरेको छ भने अर्कोतिर उपभोक्ता महँगो मूल्यमा कृषिजन्य उपज किनेर खान बाध्य छन्। किसानले समयमा रासायनिक मल नपाउने समस्या त झन् नेपालको दीर्घरोग नै भएको छ। बाली लगाउने बेलामा रसायनिक मलको समस्या एकातिर छ भने किसानले अनेक दुःख कष्ट गरेर उत्पादन गरेको कृषि उपजले बजार नपाउने, पाए पनि उचित मूल्य नपाउने समस्या हरेक सिजनमा दोहोरिएर आउँछ। जसले गर्दा कृषि पेशाप्रति युवा जनशक्तिको आकर्षण देखिएको छैन। फलस्वरूप उनीहरू विदेशमा अनेकौं जोखिम मोलेर काम गर्न बाध्य छन्। देशका खेतीयोग्य जमिन भने बाँझै छन्।

## समाधानका उपाय

उत्पादित वस्तुलाई बजारसम्म सहजै पुऱ्याउनको लागि भरपर्दो पूर्वाधारको विकास गर्न आवश्यक छ। यसमा यातायात पूर्वाधारको विकास हुनुपर्ने देखिन्छ। यसै गरी, कृषि उपजको भण्डारण र प्रशोधनका लागि आवश्यक पूर्वाधारको विकास हुनु उत्तिकै आवश्यक छ। जसले गर्दा चाँडै नाश हुने कृषि उत्पादनहरू लामो समयसम्म भण्डारण गर्न सम्भव हुन्छ भने कृषकले उत्पादित वस्तुको उचित मूल्यसमेत पाउँछन्। नेपालको दुई-तिहाइ बढी खेतीयोग्य जमिनमा सिँचाइको अभाव रहेको देखिन्छ। जसका कारण खेतीका लागि मनसुनमा भर पर्नुपर्ने बाध्यता कृषकसामु छ। अतः सरकारले सिँचाइको व्यवस्थाका लागि पर्याप्त पूर्वाधारहरू निर्माण गर्नुपर्ने देखिन्छ।

कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्नको लागि पर्याप्त अनुसन्धान र विकास हुन आवश्यक छ। यसमा नेपालको हावापानी अनुकूलको बिउबिजन र बालीको साथै उपयुक्त प्रविधिको विकाससमेत गर्नुपर्ने देखिन्छ। यसै गरी, नेपालका रैथाने बिउबिजन र बालीको संरक्षण तथा प्रबर्द्धन गरी यथोचित फाइदा लिन सकिने सम्भावना देखिन्छ।

**दुई दशककअघि कुल गार्हस्थ्य उत्पादनमा ३७.४ प्रतिशत रहेको कृषि क्षेत्रको योगदान आ.व. २०७८/७९ मा २३.९ प्रतिशतमा सीमित हुन पुगेको छ। यसले कुल उत्पादनमा कृषि क्षेत्रको तुलनामा अन्य क्षेत्रको योगदान बढ्दै गरेको देखाउँछ।**

कृषि क्षेत्रमा रहेका समस्या समाधानको सबैभन्दा महच्वपूर्ण चरण भनेकै उनीहरूलाई बजारसम्म सहज पहुँच दिनु हो। जसले गर्दा कृषकले आफ्नो उत्पादनलाई उचित मूल्यमा बिक्री गरी आम्दानी बढाउन सक्छन् भने थप उत्पादन गर्न प्रेरित हुनेछन्। नेपालको सन्दर्भमा बजारसम्म पहुँचको सबैभन्दा सजिलो उपायका लागि कृषि सहकारीलाई माध्यम बनाउन सकिन्छ। उत्पादन भएका वस्तु सङ्कलनदेखि ढुवानी सेवा दिने र थोक मूल्यमा बिक्री गर्ने माध्यम सहकारीलाई बनाउन सकिन्छ। देशका प्रमुख बजारमा रहेका तरकारी बिक्री केन्द्रमा उल्लेख्य मात्रामा सहकारीका आउटलेटमार्फत थोक बिक्रीको व्यवस्था मिलाउन सकिन्छ। यसले कृषि बजारमा रहेको बिचौलियाको प्रभाव कम गर्न सकिन्छ। यसका साथै न्यूनतम समर्थन मूल्य तोकिएका वस्तुको दायरा बढाउनुपर्ने देखिन्छ।

कृषि क्षेत्रमा उत्पादकत्व वृद्धिका लागि कृषि शिक्षामा वृद्धि गर्नुपर्ने देखिन्छ। कृषकलाई नयाँ प्रविधि र उत्कृष्ट अभ्यासका बारेमा उचित शिक्षा दिन सकेमा उनीहरूले थोरै मिहिनेतमा पनि अधिक प्रतिफल हासिल गर्न सक्नेछन्। कृषिको पर्याप्त ज्ञान भएको खण्डमा कृषकले उपयुक्त बिउ, मल तथा कीटनाशक प्रयोग गर्छन्। यसै गरी, कृषि उपकरण तथा औजारहरू पनि उपयुक्त तरिकाले प्रयोग गर्न सक्छन्। जसले गर्दा कृषि उत्पादकत्वमा वृद्धि हुन्छ। यसै गरी, कृषिसम्बन्धी ज्ञानका कारण कृषकले आफ्ना उपजहरू उपयुक्त तरिकाले भण्डारण गर्न सक्छन्। जसले गर्दा आफ्ना वस्तुहरूको उचित मूल्य प्राप्त गर्नेछन्।

नेपालमा कृषि क्षेत्रमा प्रवाह हुने कर्जा अन्य क्षेत्रको भन्दा कम रहेको छ। कर्जा प्रदान गर्दा धितोमा आधारित हुनुपर्ने व्यवस्था रहेको हुँदा सिमान्तकृत कृषकले सहजै कर्जा प्राप्त गर्न सक्ने अवस्था छैन। लघुवित्त वित्तीय संस्थाले सामूहिक जमानीमा आधारित भएर कर्जा प्रदान गर्ने भए तापनि कृषि क्षेत्रमा यस्तो कर्जा खासै प्रभावकारी देखिएको छैन। यसर्थ, पुँजीको अभावमा कृषि क्षेत्रलाई व्यावसायिक बनाउन समस्या देखिएको छ। यसर्थ, कृषि क्षेत्रमा देखिएको पुँजीको अभाव हटाउन सम्बन्धित निकायले कृषि क्षेत्रमा प्रवाह हुने कर्जा बढाउन आवश्यक नीतिगत व्यवस्था गर्नुपर्ने देखिन्छ। यसै गरी, कृषि क्षेत्रमा जाने अनुदानमा आधारित कर्जा कृषि क्षेत्रमा नगई अन्य क्षेत्रमा प्रयोग भई दुरुपयोग भएको देखिएकाले सम्बन्धित निकायले यथोचित अनुगमन तथा सुपरीवेक्षण गर्नुपर्ने देखिएको छ।

नेपाल प्राकृतिक प्रकोप र जलवायु परिवर्तनको जोखिममा रहेको छ भने यसले कृषि क्षेत्रलाई बेलाबखतमा नकारात्मक प्रभाव पार्ने गरेको छ। जलवायु परिवर्तनका कारण मुख्य बाली लगाउने समयमा खडेरी पर्ने र बाली उठाउने समयमा तीव्र वर्षा हुने जस्ता प्रकोपहरू देखिन थालेका छन्। त्यसैगरी भौगोलिक विकटताका कारण वर्षेनी बाढी पहिरोको प्रकोप दोहोरिने गरेको छ। जसका कारण यातायातको पूर्वाधारमा पुग्ने क्षतिले गर्दा कृषिजन्य उपजलाई बजारसम्म पुऱ्याउन समस्या हुने गरेको छ।

## निष्कर्ष

विविध चुनौतीका बाबजुद नेपालको कृषि क्षेत्रमा यथेष्ट सम्भावनाहरू छन्। मौसम र भौगोलिक हिसाबले अनुकूल हुने बालीको विकास गरी तिनको प्रबर्द्धन गर्न सकेमा पर्याप्त लाभ लिन सकिने सम्भावना छ। यसै गरी, कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गरी बजार सुनिश्चित गर्न सकिएमा कृषि क्षेत्र आत्मनिर्भर भई आयात प्रतिस्थापन गर्न सकिने अवस्था रहेको देखिन्छ।

राज्यले भरपर्दो नीति लिई खण्डीकृत अवस्थामा रहेका जमिनलाई चक्लाबन्दी गर्ने व्यवस्था गर्नका लागि बजारको समेत सुनिश्चितता गरी निजी क्षेत्रलाई कृषि पेशामा आकर्षित गर्न सकेमा यसले देशमा रोजगारी सिर्जनाको लागि महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ भने यस क्षेत्रको उत्पादकत्व समेत बढ्ने देखिन्छ। जसबाट कृषिजन्य उपजको आयातलाई समेत केही हदसम्म नियन्त्रण गर्न सकिने सम्भावना देखिन्छ।

# पोखरामा विदेशी विनिमय कारोबारसम्बन्धी अन्तरक्रिया




विनिमय व्यवस्थापन विभागले माघ २९ गते पोखरामा विदेशी विनिमय कारोबारका सम्बन्धमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

विदेशी मुद्रा कारोबारको निम्ति इजाजतपत्र लिई पोखरामा सञ्चालित संस्थाका प्रतिनिधिको सहभागितामा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । विदेशी विनिमय कारोबार गर्ने सम्बन्धमा बैंकबाट जारी गरिएको एकीकृत परिपत्रमा उल्लिखित विषयवस्तुमा अन्तरक्रिया केन्द्रित थियो ।

सो अवसरमा विभागका उप-निर्देशक मणिराज श्रेष्ठले विदेशी मुद्रा कारोबारसम्बन्धी एकीकृत परिपत्र र विनियमावलीमा भएका व्यवस्थालाई समेटेर कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यक्रममा विभागका कार्यकारी निर्देशक रामु पौडेलले अन्तरक्रियामा सहभागीबाट प्राप्त सुझावलाई सम्बोधन गरिने जानकारी दिनुभयो ।

उक्त कार्यक्रममा पोखरास्थित विदेशी मुद्रा सम्बन्धी कारोबारमा संलग्न बैंक तथा वित्तीय संस्था, मनिचेञ्जर, होटल एवम् ट्राभल ट्रेकिङका ४२ जना प्रतिनिधिको सहभागिता थियो । कार्यक्रमको प्रारम्भमा पोखरा कार्यालयका का.मु. निर्देशक सम्झना ढकालले नीति निर्माण र कार्यान्वयन तहबीच रहेका द्विविधाको समाधानको निम्ति यस्तो कार्यक्रम फलदायी रहने विश्वास व्यक्त गर्नुभयो । कार्यकारी निर्देशक पौडेल र उप-निर्देशक श्रेष्ठले सहभागीका जिज्ञासाको जवाफ दिनुभएको थियो ।

विदेशी विनिमय व्यवस्थापन विभागका उप-निर्देशक केशवप्रसाद तिमल्सिनाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# सिद्धार्थनगर कार्यालयमा विदेशी विनिमय कारोबारसम्बन्धी अनुशिक्षण

गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागले फागुन १२ गते सिद्धार्थनगरमा विदेशी विनिमय कारोबार र समसामयिक विषयमा अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

विदेशी विनिमय कारोबारको निम्ति इजाजतपत्रप्राप्त संस्था (मनीचेञ्जर, होटल, ट्राभल्स तथा टुर्स, ट्रेकिङलगायत) का प्रतिनिधिको सहभागितामा विभागले उक्त अनुशिक्षण आयोजना गरेको हो । सिद्धार्थनगर कार्यालयका उप-निर्देशक मनोज पोखरेलले विदेशी विनिमय कारोबार र सोसम्बन्धी समसामयिक विषयमा वार्ता प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागका निर्देशक रञ्जना पौडेल, सिद्धार्थनगर कार्यालयका निर्देशक थानेश्वर आचार्य र अन्य कर्मचारीहरूको समेत सहभागिता थियो ।



# सिद्धार्थनगरमा सम्पत्ति शुद्धीकरणसम्बन्धी गोष्ठी



सिद्धार्थनगर कार्यालयले फागुन २६ गते 'सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण' विषयमा गोष्ठी आयोजना गऱ्यो ।

कार्यालयका निर्देशक थानेश्वर आचार्यको अध्यक्षतामा आयोजित गोष्ठीमा लुम्बिनी प्रदेशस्थित बैंक तथा वित्तीय संस्थाका प्रमुख/प्रतिनिधि, राजस्व अनुसन्धान कार्यालय र जिल्ला प्रहरी कार्यालयका प्रमुख, भैरहवा भन्सार कार्यालयका प्रतिनिधि, मनिचेञ्जर व्यवसायीसहित ७० जनाको सहभागिता थियो ।

कार्यक्रममा वित्तीय जानकारी इकाईका तर्फबाट दुई वटा कार्यपत्र प्रस्तुत गरिएको थियो । इकाईका उप-निर्देशक स्वरूप श्रेष्ठले 'सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणका लागि सूचक संस्थाको दायित्व' विषयमा वार्ता प्रस्तुत गर्नुभयो । साथै उहाँले अवैध सम्पत्तिलाई वैध बनाउन गरिने प्रयासबारे चर्चा गर्दै सोसँग सम्बन्धित ऐन/नियम र वित्तीय संस्थाका कर्मचारीले अपनाउनुपर्ने सावधानीबारे जानकारी दिनुभयो ।

इकाईका सहायक निर्देशक सत्येन्द्रमणि त्रिपाठीले विश्वव्यापी रूपमा देखापरेका वित्तीय अपराधका उदाहरण दिँदै सूचक संस्थाले तोकिएको सीमाभन्दा माथिका र शङ्कास्पद कारोबारबारे वित्तीय जानकारी इकाईमा नियमित रिपोर्टिङ गर्न अनुरोध गर्नुभयो ।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय, रूपन्देहीका प्रमुख भरतबहादुर विकले सम्पत्ति शुद्धीकरण निवारणको निम्ति सरोकारवाला निकायसँग समन्वय गर्न आफूहरू तयार रहेको जानकारी दिनुभयो । सो अवसरमा सिद्धार्थनगर कार्यालयका निर्देशक थानेश्वर आचार्यले सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी विषय चुनौतीपूर्ण रहेको उल्लेख गर्दै यसको प्रभावकारी कार्यान्वयनका लागि बैंक तथा वित्तीय संस्थाले विद्यमान आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

सो अवसरमा सिद्धार्थनगर कार्यालयका उप-निर्देशक जीवनप्रकाश पाण्डेयले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो भने सहायक निर्देशक देवराज ज्ञवालीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न



गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागले फागुन २१ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । कार्यक्रममा सूचना प्रविधि विभागका सहायक (सू.प्र.) जयश्री महर्जनले Foreign Exchange Online (FXOL) System को विषयमा प्रस्तुति दिनुभयो ।

वार्ता प्रस्तुतिपश्चात् सहभागीहरूबीच उक्त प्रणालीका विविध पक्षबारे छलफल भयो । कार्यक्रममा विभागका सम्पूर्ण कर्मचारीको सहभागिता थियो । सो अवसरमा विभागका कार्यकारी निर्देशक प्रदीपराज पौड्यालले समापन मन्तव्य राख्नुभयो ।

यसै गरी, वित्त व्यवस्थापन विभागले फागुन २८ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । सो अवसरमा विभागका सहायक निर्देशक रोशनी कार्कीले 'Forensic Accounting and Fraud Detection' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा विभागका कार्यकारी निर्देशक मुकुन्दकुमार छेत्रीले विभिन्न कारोबारको लेखा राख्ने र भुक्तानी दिने सन्दर्भमा संवेदनशील भएर कार्यसम्पादन गर्नुपर्ने धारणा राख्नुभयो । विभागका सहायक निर्देशक शिवनाथ योगीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# जनकपुरमा समासामयिक विषयमा अन्तरक्रिया



जनकपुर कार्यालयले फागुन १२ गते समसामयिक बैंकिङ विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो। जनकपुर कार्यालयका निर्देशक अशोक घिमिरेको अध्यक्षतामा आयोजित कार्यक्रममा जनकपुरस्थित बैंक तथा वित्तीय संस्थाका प्रमुखहरूको सहभागिता थियो।

कार्यक्रममा मधेश प्रदेशको बैंकिङ गतिविधि, आयातको अवस्था, भारतीय रुपैयाँको माग तथा नेपाली रुपैयाँसँग विनिमयको अवस्था, बैंकमा नगदको माग तथा आपूर्तिको अवस्था, कर्जाको माग, ढुकुटी व्यवस्थापन र नगद व्यवस्थापनमा देखिएका चुनौती र समाधानका उपायका विषयमा छलफल भएको थियो।

सो अवसरमा जनकपुर कार्यालयका उप-निर्देशक सुजन खनालले छलफलमा उठेका विषयवस्तुबारे स्पष्ट पार्दै सम्बन्धित विभागमार्फत समस्याको समाधानको प्रयास गरिने जानकारी दिनुभयो। कार्यक्रममा निर्देशक घिमिरेले सहभागीको जिज्ञासाको जवाफ दिँदै कार्यक्रम समापन गर्नुभयो।

कार्यालयका सहायक सन्तोषकुमार तामाङले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

# पदस्थापन

खुला प्रतियोगितात्मक परीक्षाद्वारा सहायक निर्देशक (अधिकृत तृतीय) पदमा नियुक्त हुनुभएका ५६ जना कर्मचारीको विभिन्न विभाग/कार्यालयमा पदस्थापन भएको छ।

जसअनुसार प्रशासन सेवातर्फ अरुण अधिकारी, शान्ता गिरी, लहना श्रेष्ठ, ललितकुमार शर्मा र शिवप्रसाद भुसाल बैंक तथा वित्तीय संस्था नियमन विभाग, रोहन व्यञ्जनकार, मधु भण्डारी, कुशल ढकाल, अस्मिता दाहाल, लक्ष्मण खतिवडा, शिखा पोखेल र रवि ढुङ्गेल आर्थिक अनुसन्धान विभाग, लाइमहाङ लिम्बु, सतिस चौधरी, कुन्दन खतिवडा र सविता कार्की, विदेशी विनिमय व्यवस्थापन विभाग, अङ्गदीप न्यौपाने विराटनगर कार्यालय, कृष्णप्रसाद खराल वित्तीय संस्था सुपरिवेक्षण विभाग, कवीन्द्रबाबु बस्नेत, अमित शाक्य र रोजिना सिटौला शिवाकोटी मौद्रिक व्यवस्थापन विभागमा पदस्थापन हुनुभएको छ।

यस्तै, सरिता पौडेल वाग्ले र सुशान्त न्यौपाने जनशक्ति व्यवस्थापन विभाग, कृष्ण कार्की गभर्नरको कार्यालय, किशोर महरा, शारदा गुरुङ र सपना खत्री वित्तीय जानकारी इकाई, गणेश विष्ट र कृपा श्रेष्ठ बैंकिङ विभाग, सरोज गोतामे र ऋषिरञ्जन कर्ण सिद्धार्थनगर, सुप्रिमा पौडेल गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग, ज्योती सुनार नेपालगञ्ज कार्यालय, शोभा सिलवाल र सविन श्रेष्ठ भुक्तानी प्रणाली विभाग, कृष्णकुमार पाल, रमेश पंगेनी र अजितकुमार सीके सुर्खेत कार्यालय, सबिना बखाद्यो विराटनगर कार्यालय, सन्देशकुमार ठाकुर, अमृता मानन्धर र अम्बिका साह वीरगञ्ज कार्यालय, अर्जुनकुमार श्रेष्ठ जनकपुर कार्यालय, ल्युमा सुब्बा पोखरा कार्यालय र रनबहादुर बमरेल धनगढी कार्यालय (कामकाज) मा पदस्थापन हुनुभएको छ।


यस्तै, लेखापरीक्षणतर्फ प्रकाश सापकोटा लघुवित्त संस्था सुपरिवेक्षण विभाग, अभिषेक कोइराला वित्त व्यवस्थापन विभाग, समुन्द्र सापकोटा मुद्रा व्यवस्थापन विभाग, साधना सुवेदी सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग र दीपेश श्रेष्ठ बैंकिङ विभागमा पदस्थापन हुनुभएको छ। कानुनतर्फ नम्रता ढुंगानालाई कानुन महाशाखामा पदस्थापन गरिएको छ। सूचना प्रविधितर्फका गौतम अर्याल जनशक्ति व्यवस्थापन विभाग तथा अंकिता कर्ण, अभिषेक दाहाल, अर्जु बिन्दुकार र नगीनाकुमारी चौधरी सूचना प्रविधि विभागमा पदस्थापन हुनुभएको छ।

यसै गरी, सहायक द्वितीय पदमा नियुक्त हुनुभएका २४ जना कर्मचारीको प्रदेशस्थित कार्यालयहरूमा पदस्थापन भएको छ। जसअनुसार आदित्य साह, पूजा पंजियार, सुमनकुमारी साह र सत्यप्रकाश पटेल जनकपुर कार्यालय, हिमाल पाण्डे, गोपाल थापा, ईशा ढुङ्गाना, रोशन गुरुङ र उषा केसी नेपालगञ्ज कार्यालय, टीकाप्रसाद भण्डारी, अरुण अधिकारी, शिल्पा केशरी, सचित केसी, इशा भुजेल र प्रतीक्षा बास्तोला वीरगञ्ज कार्यालय, शेखर घिमिरे, हिमा पाण्डे र इक्षा श्रेष्ठ पोखरा कार्यालयमा पदस्थापन हुनुभएको छ। यस्तै, केशवबहादुर विष्ट, हिमालप्रसाद पन्त, सुदीप शर्मा र हिमाल सिंजाली मगर धनगढी कार्यालय, महेश पाण्डेय र पुस्कर सिंह ठगुन्नालाई सुर्खेत कार्यालयमा पदस्थापन गरिएको छ।

# एकीकृत निर्देशन, २०७९ मा संशोधन

नेपाल राष्ट्र बैंकले 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको 'एकीकृत निर्देशन, २०७८' मा संशोधन तथा परिमार्जन गरेको छ ।

बैंक तथा वित्तीय संस्था नियमन विभागले फागुन १२ गते एक परिपत्र जारी गर्दै यसको कार्यान्वयन गर्न सम्बद्ध बैंक तथा वित्तीय संस्थालाई निर्देशनसमेत दिएको छ । नयाँ व्यवस्थाअन्तर्गत ऋणीले भुक्तान गर्नुपर्ने कर्जाको साँवा/ब्याज दायित्व भाखा नाघेको ३० दिनभित्र भुक्तान गरेमा पेनाल ब्याज लिन पाइने छैन । यो व्यवस्था २०८० जेठ मसान्तसम्ममा भुक्तानीको भाखा रहेको साँवा/ब्याजमा मात्र लागु हुने जनाइएको छ । तर यदि कुनै ऋणीले छुट पाउने अवधिभित्र कर्जाको साँवा/ब्याज भुक्तानी नगरेमा पूर्वनिर्धारित सर्तबमोजिम सम्पूर्ण भाखा नाघेको अवधिको पेनाल ब्याज भने बैंक तथा वित्तीय संस्थाले लिन सक्नेछन् ।



केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं ।
फोन नं.: ४४१९८०४/५
Web Site: www.nrb.org.np
पोष्ट बक्स:७३

नेपाल राष्ट्र बैंक

बैंक तथा वित्तीय संस्था नियमन विभाग
पत्र संख्या: बै.वि.नि.वि./नीति/परिपत्र/१०/०७९/८०

मिति: २०७९/११/१२

इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्था

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७९ मा यसैसाथ संलग्न तालिकाबमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

भवदीय,

(डा.गुणाकर भट्ट)
कार्यकारी निर्देशक

बोधार्थ :
(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार ।
(३) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(४) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
(९) श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली ।
(१०)श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर ।
(११) श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार ।

साना तथा मझौला उद्योग-व्यवसाय सञ्चालनलाई सहजीकरण गर्न बैंक तथा वित्तीय संस्थाबाट प्रवाह भएको रु. दुई करोडसम्मको कर्जालाई सम्बन्धित ऋणीको अनुरोधमा उद्योग-व्यवसायको नगद प्रवाह तथा आम्दानी विश्लेषण गरी एक पटकको लागि ऋणीले बुझाउनुपर्ने ब्याजको १० प्रतिशत रकम असुलउपर गरी विभिन्न सर्तहरूको अधीनमा रही कर्जाको पुनरसंरचना तथा पुनरतालिकीकरण गर्न सकिने व्यवस्था मिलाइएको छ ।

नेपाल राष्ट्र बैंकबाट जारी भएको बैंक बिदाको सूचीका अतिरिक्त नेपाल सरकारबाट आकस्मिक बिदा घोषणा भएको दिन नगद कारोबार, चेक क्लियरिङ, आरटीजीएसलगायत अत्यावश्यक बैंकिङ सेवा प्रदान गर्न बिहान १०:०० देखि अपराह्न १:३० बजेसम्म आवश्यक विभाग तथा कार्यालय खुला राखी सेवा सुचारु गर्न निर्देशन दिइएको छ ।

यसैबीच, राष्ट्र बैंकले 'घ' वर्गका लघुवित्त संस्थाको निम्ति जारी गरिएको 'एकीकृत निर्देशन, २०७८' मा संशोधन तथा परिमार्जन गरेको छ । फागुन १० गते जारी परिपत्रअनुसार, वार्षिक १५ प्रतिशतभन्दा बढी लाभांश (नगद वा बोनस) वितरणको प्रस्ताव गरेमा १५ प्रतिशतभन्दा माथिको प्रस्तावित लाभांशको ५० प्रतिशतले हुने रकम साधारण जगेडा कोषमा जम्मा गर्नुपर्नेछ ।

नयाँ व्यवस्थाअनुसार बिनाधितो सामूहिक जमानीमा वा धितोको सुरक्षणमा लघुकर्जा प्रदान गर्दा एउटा ऋणीलाई एउटा मात्र लघुवित्त वित्तीय संस्थाले तोकिएको कर्जा सीमा ननाघ्ने गरी कर्जा प्रवाह गर्नुपर्नेछ । 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिएका ऋणी लघुवित्त वित्तीय संस्थाबाट कर्जा लिन योग्य हुने छैनन् ।

## अवकाश

आन्तरिक लेखापरीक्षण विभागका उप-निर्देशक बबिता ढुङ्गानाले फागुन २० देखि बैंक सेवाबाट अवकाश पाउनुभएको छ । यस्तै, मुद्रा व्यवस्थापन विभागका कार्यालय सहयोगी द्वितीय राज सिलवालले फागुन ११ देखि अवकाश पाउनुभएको छ । उहाँहरूले ५८ वर्ष उमेर हदका कारण अवकाश पाउनुभएको जानकारी जनशक्ति व्यवस्थापन विभागले दिएको छ ।

यसै गरी, जनकपुर कार्यालयका उप-निर्देशक रामप्रमोद साह र बैंकिङ विभागका सहायक विष्णु रेग्मीले क्रमशः फागुन ६ र माघ ९ देखि लागू हुनेगरी पदबाट राजीनामा दिनुभएको छ । *नेपाल राष्ट्र बैंक समाचार* उहाँहरूको सुखद अवकाश जीवनको निम्ति हार्दिक शुभकामना व्यक्त गर्दछ ।

*प्रकाशक*
**नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय**
सूचना तथा सञ्चार समन्वय महाशाखा
बालुवाटार, काठमाडौं, फोन : ४४१९८०४, Ext.: १३९/१४०
इमेल : samachar@nrb.org.np,
वेबसाइट : www.nrb.org.np

*सम्पादक*
**डा. भागवत आचार्य**

*सम्पादन सहयोगी*
विद्या अधिकारी
लालकुमार सुवेदी
नवीना ताम्राकार

*ले-आउट*
संजीव दाहाल